मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
प.सं. २०८२/८३
च.नं.
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

# स्थानीय राहत शिक्षक र विद्यालय सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन -२०८२

(प्रथम पटक प्रकाशित सूचना २०८२/०५/१९)

यस मालिकार्जुन गाउँपालिका अन्तरगतका तपसिल बमोजिमका विद्यालयमा आधारभूत तहको स्थानीय राहत शिक्षक र विद्यालय सहायकको रिक्त पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निर्धारित ढाँचामा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

| विद्यालय | विज्ञापन नं. | माग पद संख्या | तह | विषय | कैफियत |
|---|---|---|---|---|---|
| शंकरपुर मावि पस्ती | १/०८२/८३ (शिक्षा) | १ | आधारभूत तह ६-८ | सामाजिक | स्थानीय राहत अनुदान |
| शंकरपुर मावि पस्ती | २/०८२/८३ (शिक्षा) | १ | माध्यमिक तह ११-१२ | रसायन विज्ञान | स्थानीय राहत अनुदान |
| निलपातालेश्वर मावि भर्तोला | ३/०८२/८३ (शिक्षा) | १ | आधारभूत तह १-५ | - | स्थानीय राहत अनुदान |
| लटिनाथ आवि चौड | ४/०८२/८३ (शिक्षा) | १ | आधारभूत तह १-५ | - | स्थानीय राहत अनुदान |
| लटीनाथ आवि बसेडी | ५/०८२/८३ (शिक्षा) | १ | आधारभूत तह | - | विद्यालय सहायक |
| जम्मा | | ५ | | | |

१. परीक्षाको किसिम: लिखित परीक्षा र अन्तर्वार्ता :-

२. परीक्षासञ्चालन : क) लिखित परीक्षा सञ्चालन हुने मिति पछि तोकिनेछ।
ख) अन्तर्वार्ता हुने मिति, समय र स्थान: लिखित परीक्षा सञ्चालनपछि अन्तर्वार्ताको मिति, समय र स्थान तोकिनेछ।

३. परीक्षा केन्द्र: मालिकार्जुन गाउँपालिका हलमा हुनेछ।

४. दरखास्त दस्तुर: शिक्षकको हकमा माध्यमिक तह रु १००० (रु एकहजार मात्र), आधारभूत तह रु ७०० (रु सात सय मात्र), र विद्यालय सहायकको हकमा रु ५००(रु पाँच सय मात्र)।

५. पाठ्यक्रम: शिक्षकको हकमा शिक्षक सेवा आयोगले तोके बमोजिम र विद्यालय सहायकको पाठ्यक्रम गाउँपालिकाले स्वीकृत गरी वेभसाइटमा राखिएको छ। सोही पाठ्यक्रमबमोजिम शिक्षक र विद्यालय सहायक पदको परीक्षा सञ्चालन हुनेछ।

६. दरखास्त दिने अन्तिम मिति: २०८२/०६/०२ गते कार्यालय समयभित्र।

७. उम्मेदवारको उमेर हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

८.उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम शैक्षिक योग्यता:-



CamScanner

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
प.सं. २०८२/८३
च.नं.
शंकरपुर, दार्चुला
सुदूरपश्चिम, नेपाल

क. नेपाली नागरिक

ख. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ग. स्थानीय राहत शिक्षक माध्यमिक तह (११-१२) को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहको परिक्षा उत्तीर्ण गरी स्थायी अध्यापन अनुमति पत्र प्राप्त । आधारभूत तह (६-८) को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) उत्तीर्ण गरी स्थायी अध्यापन अनुमति पत्र प्राप्त । आधारभूत तह (१-५) को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) उत्तीर्ण गरी स्थायी अध्यापन अनुमति पत्र प्राप्त हुनुपर्ने छ ।

घ. विद्यालय सहायकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) उत्तीर्ण वा सो सरहको योग्यता भएको ।

९. पेश गर्नु पर्ने कागजातहरु :-

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख. न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपिहरु ।

ग. समकक्षता प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारहरुको हकमा मात्र) ।

घ. उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।

१०. सेवा सुविधा तथा अन्य व्यवस्था :

विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० (संशोधनसहित) मा उल्लेख भएबमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Website:-www.malikarjunmun.gov.np
Email:-mrmdarchula@gmail.com
Facebook: facebook.com/mrmdarchula
Contact: ९८५८७८४५१३, ९८५८७८४५१२

CamScanner